पाठ १७

१	**प्रार्थना**

समूहको अगुवा - प्रार्थना गर्नुहोस् र तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

२	**आराधना** (२० मिनेट) **[परमेश्वरको विशेषता]** **परमेश्वर विश्वासयोग्य हुनुहुन्छ**

मनन गर्नुहोस्
तलका प्रत्येक बाइबल खण्ड पढेर व्याख्या गर्नुहोस् अनि समूहको प्रत्येक सदस्यलाई आराधनाको निम्ति एउटा बाइबल खण्ड तोकिदिनुहोस्।

(१) **प्रस्थान ३४:६-७ : -** परमेश्वर आफ्नो दया, अनुग्रह, प्रेम र क्षमादानप्रति विश्वासयोग्य हुनुहुन्छ, त्यसैगरी दोषको निम्ति पश्चाताप नगर्नेहरूलाई सजाय दिने कुरामा पनि उहाँ विश्वासयोग्य हुनुहुन्छ।
(२) **गन्ती २३:१९ : -** परमेश्वर बाइबलमा भएका आफ्ना वचनहरू र प्रतिज्ञाहरूप्रति विश्वासयोग्य हुनुहुन्छ।
(३) **भजनसङ्ग्रह ३३:४-५ : -** आफूले गर्नुहुने हरेक कुरामा परमेश्वर विश्वासयोग्य हुनुहुन्छ। सही र न्यायपूर्ण काम गर्न उहाँ मन पराउनुहुन्छ। उहाँको प्रेम कहिल्यै चुक्दैन।
(४) **भजनसङ्ग्रह ३३:१०-११ : -** बाइबलमा प्रकट गरिएका योजना र उद्देश्यहरूप्रति परमेश्वर विश्वासयोग्य हुनुहुन्छ।
(५) **भजनसङ्ग्रह ४०:१-३,९-१० : -** तपाईंलाई दलदले हिलो माटोको खाडलबाट बचाउन परमेश्वर विश्वासयोग्य हुनुहुन्छ।
(६) **१ कोरिन्थी १०:१३ : -** हरेक परीक्षामा परमेश्वरले त्यसबाट उम्कने बाटो बनाइदिनुहुन्छ।
(७) **फिलिप्पी १:६ (१ थेसलोनिके ५:२३-२४) : -** परमेश्वर विश्वासयोग्य हुनुहुन्छ र उहाँले तपाईंमा जे कुरा सुरु गर्नुभएको छ, त्यसलाई पक्कै पूरा गर्नुहुनेछ।
(८) **२ तिमोथी २:१३ : -** तपाईं परमेश्वरप्रति अविश्वासयोग्य हुनुहुँदा पनि उहाँ तपाईंप्रति विश्वासयोग्य रहिरहनुहुनेछ (उहाँको आफ्नै न्यायमा त्यसो गर्नुहुनेछ)।
(९) **हिब्रू १०:२३ : -** बाइबलमा आफूले प्रतिज्ञा गर्नुहुने कुराप्रति परमेश्वर पूर्णरूपमा विश्वासयोग्य हुनुहुन्छ।
(१०) **हिब्रू ११:६ : -** परमेश्वरलाई जोशिलो भएर खोज्ने हरेकलाई उहाँले विश्वासयोग्यरूपमा इनाम दिनुहुनेछ।
(११) **हिब्रू १३:५-६ : -** परमेश्वरले तपाईंलाई कहिल्यै छोड्नुहुनेछैन् र कहिल्यै त्याग्नुहुनेछैन।

आराधना गर्नुहोस्
समूहको प्रत्येक सदस्यलाई आफ्नो बाइबल पद प्रयोग गर्दै परमेश्वरको आराधना गर्न लगाउनुहोस्। परमेश्वर आफ्ना जनहरूप्रति गर्नुभएको प्रतिज्ञाहरूमा पूर्णरूपमा विश्वासयोग्य हुनुहुन्छ भन्ने विशेषताको निम्ति पालैपालो उहाँको आराधना गर्नुहोस्। तपाईंको आफ्नै जीवनमा परमेश्वर विश्वासयोग्य हुनुभएकोले गर्दा उहाँको आराधना गर्नुहोस्। ठूलो समूहमा अथवा तीन-तीन जनाको सानो समूहमा परमेश्वरको आराधना गर्नुहोस्।

३	**सिकेको कुरा बाँड्नुहोस्** (२० मिनेट) **शान्त समय** **प्रेरित ८:१-११:१८**

तपाईंलाई तोकिदिएको बाइबल खण्ड (प्रेरित ८:१-११:१८) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा तपाईंले सिक्नुभएको कुराहरूमध्ये एउटा कुरा पालैपालो छोटकारीमा बाँड्नुहोस् (अथवा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा लेखेको तपाईंको नोटबुकबाट एउटा कुरा पढ्नुहोस्)।
बोलिरहेको व्यक्तिको कुरा ध्यानसित सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

४	**शिक्षा** (७० मिनेट)	**सम्बन्धहरू** **परुष र महिलाहरूबीचकको सम्बन्धहरू**

यो अध्ययन यस विशेष मित्रताको सम्बन्धको लागि परमेश्वरलाई महिमा गर्ने साँचो चाहनाको परिणाम हो। व्यवहारिक प्रयोगहरू केवल यस्ता सुझावहरू हुन्, जसद्वारा तपाईंले आफ्नो सँस्कृतिमा यसलाई प्रार्थनासाथ ध्यान दिन सक्नुहुन्छ।

क. प्रेममा पर्नु र साँचो इसाई प्रेम

१. प्रेममा पर्नु

हामी रोमाञ्चकारी स्वच्छन्दवादको युगमा जिइरहेका छौँ। अहिलेका मानिसहरू तुरुन्तै एक-अर्कसँग घनिष्ठ सम्बन्धको अपेक्षा गर्छन्। धेरै मानसिहरू यस्तो कुरामा विश्वास गर्छन्, कि जब तिनीहरूबीचको सम्बन्ध असल महसुस हुन्छ र विशेष गरी जब तिनीहरूको शारीरिक सम्बन्ध सन्तोषजनक हुन्छ, तब तिनीहरूको वैवाहिक सम्बन्ध राम्रो हुन्छ। तथापि, सबै सँस्कृतिहरूमा सम्बन्ध विच्छेदको डरलाग्दो वृद्धिले गर्दा केवल शारीरिक अथवा भावनात्मक घनिष्ठताले मात्र आधारभूत परिपूर्णता ल्याउँदैन। प्रेममा पर्नु भनेको पुरुष र महिलबीचको यस्तो किसिमको प्रेम हो, जसमा तिनीहरूको जीवनको सामाजिक, शारीरिक र भावनात्मक क्षेत्रहरूमा एक-आपसप्रति आकर्षित हुन्छन्। त्यसपछि तिनीहरूले एक-अर्काप्रति सपना र कल्पनाको चित्रहरू बनाउन थाल्छन्। अनि तिनीहरू सधैँ एक-अर्काको साथमा बस्न अनि एकले अर्कोलाई स्पर्श गरिरहन चाहन्छन्।

किशोर अवस्थामा हुँदा तपाईंको शरीरमा विशेष हर्मोन विकास हुँदै गर्दा त्यसको उपस्थिति तपाईंलाई महसुस हुन थाल्छ। किशोर अवस्था भएर गुज्रदै गर्दा, वयस्क अवस्थामा पुग्नुभन्दा पहिले तपाईं धेरैपटक फरक व्यक्तिहरूसँग प्रेम सम्बन्धमा पर्न सक्नुहुन्छ। हरेकपटक प्रेममा पर्नुहुँदा तपाईंले यसरी सोच्नुहुन्छ, "मेरो लागि यही व्यक्ति ठिक हुन्छ! यही व्यक्तिसँग म विवाह गर्न चाहन्छु!" तर पछि, जब तपाईंले अर्को राम्रो व्यक्ति पाउनुहुन्छ, तब पहिलेको व्यक्तिसँगको आकर्षण घटेर जान्छ र उप्रतिको उत्तेजित भावना पनि हराउन थाल्छ। त्यसपछि मात्र पहिले आफ्नो भावनाले तपाईंलाई वहकाएको रहेछ भनी पत्ता लगाउनुहुन्छ! प्रेममा पर्नु भनेको धेरै राम्रो भावना हो, तर यो खराब परामर्शदाता हो। भावनाहरूको बारेमा पहिले नै भन्न सकिँदैन, अनि यो अस्थिर र अपरिवर्तनीय हुन्छ। प्राय: भावनाहरू अर्को व्यक्तिप्रति होइन, स्वयम् तपाईंप्रति केन्द्रित हुन्छन्। तसर्थ, विवाहको सम्बन्धमा महत्वपूर्ण निर्णय गर्नको निम्ति तपाईंलाई अर्को नहल्लिने (स्थिर) र अपरिवर्तनीय किसिमको जगको खाँचो पर्छ, जसलाई 'अगापे-प्रेम' भनिन्छ!

२. अगापे-प्रेम

'अगापे' ग्रीक शब्द हो र यो नयाँ करारमा 'प्रेम' भन्ने शब्दको निम्ति धेरैपटक प्रयोग गरिएको छ। अगापे-प्रेम साँचो इसाई प्रेम हो। परमेश्वरको स्वभाव अगापे-प्रेम हो (१ यूहन्ना ४:८)। परमेश्वरले हामीलाई अगापे-प्रेमले प्रेम गर्नुहुन्छ (यूहन्ना ३:१६) र उहाँले हाम्रो छिमेकीलाई अगापे-प्रेमद्वारा प्रेम गर्ने आज्ञा दिनुहुन्छ (मर्कूस १२:३०-३१)। जब परमेश्वरले उहाँको अगापे-प्रेम हाम्रो हृदयमा खन्याउनुहुन्छ, तब हामी पनि अरूहरूलाई यही अगापे-प्रेमद्वारा प्रेम गर्न चाहन्छौँ, हामी अरूहरूलाई यही अगापे-प्रेमले प्रेम गर्न सक्छौँ र हामी अरूहरूलाई यही अगापे-प्रेमले प्रेम गर्नेछौँ।

अगापे-प्रेम (इसाई प्रेम) भनेको के हो? (पाठ १४ मा भएको बाइबल अध्ययन हेर्नुहोस्)
अगापे-प्रेममा धैर्यता, दया, सन्तुष्टि, सहनशीलता, निस्वार्थ, क्षमा दिने आत्मा, सत्यता, दृढता र इमान्दारीताजस्ता कुराहरू पर्दछन् (१ कोरिन्थी १३:४-८)। अगापे-प्रेममा ठूलो निस्थार्थपन हुन्छ र यसले आफूप्रति केन्द्रित सोच-विचार राख्दैन। अगापे-प्रेम अरूको विकासको निम्ति निस्थार्थरूपले केन्द्रित हुन्छ। अगापे-प्रेमले अर्को व्यक्तिसँगको सम्बन्धबाट केही पाउनको निम्ति होइन, तर त्यसप्रति के योगदान गर्न सकिन्छ भन्ने हेतुले प्रेम गर्छ। यो प्रेम निस्थार्थ र बलिदानपूर्ण हुन्छ। अगापे प्रेमले अर्को व्यक्तिलाई तोड्ने र बिगार्ने होइन तर निर्माण गर्ने काम गर्छ। अगापे-प्रेमले अर्को व्यक्तिलाई सकेसम्म उत्तम व्यक्ति हुनको निम्ति सहायता गर्छ। रोमान्टिक प्रेम अनियन्त्रित आँधीझैँ अघि बढ्छ, अगापे-प्रेमले चाहिँ रोमान्टिक प्रेम प्रर्दशन गर्न प्रतिक्षा गर्न सक्छ। प्राय: रोमान्टिक प्रेम एक-दुई वर्षसम्म टिक्छ भने अगापे-प्रेम तपाईंको चरित्र र जीवनको स्थायी भाग बनेर लामो समयसम्म स्थायी रहन्छ!


शारीरिक घनिष्ठता कहिले पनि कुनै पुरुष र महिलाबीचको सम्बन्धको लक्ष्य हुनुहुँदैन, तर त्यो अगापे-प्रेमको फल हुनु पर्छ। जब दुई जना व्यक्तिहरू विवाहको बारेमा कुराकानी गर्नको निम्ति भेट्ने गर्छन्, तिनीहरूले एक-आपसको सम्बन्धलाई स्वस्थ ढङ्गले अगापे-प्रेममा विकास गर्दैलैजाने लक्ष्य बनाउनु पर्छ। यस्तो सम्बन्धमा तिनीहरूले आफ्ना विचारहरू (दृढ विश्वास र अभिप्रायहरू), आफ्ना भावनाहरू (आवेग र मनोवृत्ति) अनि आफ्ना निर्णयहरू (इच्छा र रोजाइ) एक-आपसमा अझ धेरै मात्रामा बाँड्नेछन्। त्यसैगरी तिनीहरूले एक-आपसमा आफ्ना महत्वपूर्ण सम्बन्धहरू; जस्तै: परमेश्वरसँगको सम्बन्ध, आफ्ना आमा-बाबुसँगको सम्बन्ध र आफ्ना मित्रहरूसँगको सम्बन्धको बारेमा पनि बाँड्नेछन्। कुनै पुरुष र महिलाले सम्बन्ध राख्दा यस किसिमले एक-आपसमा अगापे-प्रेम विकास गर्नुको उद्देश्य भनेको परमेश्वरले उनीहरूलाई वैवाहिक सम्बन्धमा जोड्न चाहनुहुन्छ, कि चाहनुहुन्न भनी पत्ता लगाउनु हो। स्वस्थ अगापे-प्रेमको सम्बन्धको नतिजा भनेको साँचो मित्रता र साँचो निस्वार्थ घनिष्ठता हो (पाठ १६ मा भएको बाइबल अध्ययन हेर्नुहोस्)।

ख. कसैसँग चिनजान गर्नु

१. विश्वासीहरूबीचको मित्रता

सम्पूर्ण मानवजाति र मानवीय जीवन परमेश्वरको नजरमा पवित्र र मूल्यवान छ। चाहे हामी काम गरौँ, अध्ययन गरौँ, खेल खेलौँ, मण्डली जाऔँ अथवा मित्रहरूलाई भेटौँ, यसले कुनै मतलब राख्दैन। ती कारणहरूले गर्दा, हाम्रो इन्द्रियहरू र अवसरहरूलाई प्रयोग गर्ने हाम्रो तरिकाले हामी को हौँ अनि हामी के गर्दछौँ, त्यसमा ठूलो प्रभाव पार्दछ। हामीले गर्ने विचारले (सत्य अथवा झूट) हामीले महसुस (अथवा अनुभव) गर्ने कुरामा ठूलो प्रभाव पार्छ। हामीले कसरी महसुस गर्दछौँ भन्ने कुराले हामीले कसरी लुगा लगाउँछौँ र व्यवहार गर्दछौँ, त्यसमा ठूलो प्रभाव पार्दछ। हाम्रो आत्माको अवस्थाले हामीले अरू मानिसहरूसँग गर्ने सञ्चार र सम्बन्धमा ठूलो असर पार्छ। हामीले कसरी विचार गर्दछौँ अनि कसरी महसुस गर्दछौँ भन्ने कुरामा ठूलो असर नपरीकन हामीले हाम्रो शरीरमा केही कुराहरू गर्न सक्दैनौँ।

विश्वासीहरू (इसाईहरू) बीचको मित्रतामा तिनीहरूले एक-अर्काप्रति विश्वासीहरू (इसाई दाजुभाइ तथा दिदीबहिनीहरू) जस्तै सम्बन्ध राख्छन्! विश्वासीहरूले एक-अर्कासँग ठूलो परिवारको सदस्यहरूझैँ सम्बन्ध राख्छन्। विश्वासीहरूबीचको मित्रताको सम्बन्ध विवाह गर्ने दृष्टिकोणले र वैवाहिक सम्बन्धमा पनि रहन्छ! विशेष मित्र बनेनन् भने तिनीहरू जीवनभरि नै एक-अर्काप्रति ख्रीष्टमा दाजुभाइ अथवा दिदीबहिनीको रूपमा रहन्छन्।



विश्वासीहरूबीचको स्वस्थ मित्रताको सम्बन्धहरूको उद्देश्य एकले अर्कोलाई निर्माण गर्नु र पछि त्यसद्वारा मण्डली निर्माण गर्नु हो। त्यसको उद्देश्य कहिल्यै एकले अर्कोलाई तोड्नु वा बिगार्नु होइन। प्राय: त्यस्ता सामान्य मित्रताको सम्बन्धहरूबाट नै विशेष मित्रताको सम्बन्धहरू निस्किन्छन्। विश्वासीहरूको त्यस्तो मित्रताको सम्बन्धहरूमा अरू विश्वासीहरूप्रति थुप्रै जिम्मेवारीहरू रहेका हुन्छन्।

- **विश्वासीहरू (इसाईहरू) भएको कारणले गर्दा हाम्रो आफूप्रति जिम्मेवारीहरू हुन्छन्**

हामीले नयाँ जन्म पाएको हुनैपर्छ (यूहन्ना ३:३-८), हामीले परमेश्वरको इच्छा खोज्नैपर्छ (मर्कूस ३:३१-३५) र हामीले ख्रीष्टलाई उहाँको चेला बनेर उहाँलाई पछ्याउनै पर्छ (लूका ९:२३-२६)।

- **विश्वासीहरू (इसाईहरू) भएको कारणले गर्दा हाम्रो एक-अर्काप्रति जिम्मेवारीहरू हुन्छन्**

बाइबले भन्दछ, कि हामीले यसरी हेर्नुपर्छ ताकि पापपूर्ण र अविश्वासी हृदयले हामीलाई जीवित परमेश्वरबाट टाढा लैजान नपाओस् (हिब्रू ३:१२-१५)। सम्बन्धहरूमा इसाई प्रेम देखाउन र हाम्रा गतिविधिहरूमा असल कामहरू गर्नको निम्ति हामीले एक-अर्कालाई प्रोत्साहन दिनुपर्छ (हिब्रू १०:२४-२५)। एक-अर्कालाई शिक्षा दिनुपर्छ अनि हप्काउनु पर्छ (कलस्सी ३:१६)। एक-आपसमा तर्क-वितर्क गर्नुपर्छ र इसाई विश्वासको खातिर सँगै दु:ख भोग्नुपर्छ (फिलिप्पी १:२७,२९)। अनि हामीले विपरीत लिङ्गी मानिसहरूलाई पूर्ण शुद्धतामा व्यवहार गर्नुपर्छ (१ तिमोथी ५:१-२)।

- **विश्वासीहरू (इसाईहरू) भएको कारणले गर्दा विश्वासप्रति इमान्दर नहुने मानिसहरूप्रति हाम्रो जिम्मेवारीहरू हुन्छन्**

खराब मानिसहरूलाई हामीले हटाउनु पर्छ (हितोपदेश ४:१४-१५, एफिसी ५:७ सँग तुलना गर्नुहोस्)। इमान्दार नहुने दाजुभाइ तथा दिदीबहिनीहरूलाई हामीले टाढा राख्नुपर्छ (२ थेसलोनिके ३:६; १ कोरिन्थी ५:९-१३)।

- **बाइबलमा भएका इसाई मित्रताका केही विशेषताहरू**

साँचो मित्रहरू परमेश्वरको पनि मित्रहरू हुन् (याकूब ४:४)। मित्रहरू बुद्धिमानसँग हिँड्छन् (हितोपदेश १३:२०)। मित्रहरूले सल्लाह-सुझाव दिने अनि लिने गर्छन् (हितोपदेश २७:५६,९-१०,१७)। मित्रहरूले आफ्नो जीवन एक-अर्काको निम्ति अर्पण गर्छन्, जीविकाको निम्ति एकले अर्कालाई परमेश्वरको मापदण्डमा पुग्न माथि तान्छन्, र परमेश्वरबाट आफूले जे सिकेको छ, सो कुरा खुल्ला भएर एक-आपसमा बाँड्ने गर्छन् (यूहन्ना १५:१३-१५)।

२. विश्वासीहरूको बीचमा मित्रता विकास गर्ने व्यवहारिक सुझावहरू

यदि तपाईंको सँस्कृतिले मागी-विवाहलाई समर्थन गर्छ भने तपाईंको मण्डलीको अगुवाहरूलाई (यदि सम्भव छ भने आमा-बुबाको सहकार्यद्वारा) तपाईंको विवाहको लागि उपयुक्त जोडी खोज्न लगाउनुहोस्। अनि विवाह भएपछि तपाईंले एक-आपसमा स्वस्थ मित्रता विकास गर्दै लैजानुपर्छ।

यदि तपाईंको देशको सँस्कृतिले जवान पुरुष र महिलालाई एक-आपसमा स्वस्थ ढङ्गमा हेलमेल र सहकार्य गर्न अनुमति दिन्छ भने तलका कुराहरूले विवाहभन्दा पहिले इसाई पुरुष र महिलाबीचमा स्वस्थ मित्रता विकास गर्न सहायता गर्नेछ।

- **इसाईहरूको समूहमा सहभागी हुनुहोस्**

तपाईंले इसाईहरूको समूहमा थुप्रै पुरुषहरू र महिलाहरूसँग मित्रता विकास गरिसकेपछि मात्र एउटा इसाई साथी अर्को इसाई साथीभन्दा के-के कुराहरूमा फरक छ भनी छुट्ट्यान सक्नुहुनेछ। त्यसरी इसाई साथीहरूको समूहमा रहेर तपाईं आत्मिकरूपमा बढ्दैगर्दा र फरक-फरक इसाई क्रियाकलापहरूद्वारा सेवा गर्दैजाँदा, तपाईंले एउटा इसाई साथी र अर्को इसाई साथीको बीचमा भएका तिनीहरूका बलिया पक्षहरू र कमजोर पक्षहरू तुलना गर्न सक्नुहुनेछ। एक-अर्कोको व्यक्तित्व, चरित्र जान्न र एक-अर्काप्रति र अरूहरूसँगको सम्बन्धमा पार्ने प्रभाव थाहा पाउन समय र उनीहरूसँगको सङ्लग्नताको खाँचो पर्छ।

- **इसाई समूहभित्र रहेर कुरा गर्न र आफूसँग भएका थोकहरू बाँड्न सक्नुहोस्**

परमेश्वरसँग तपाईंको सम्बन्धको बारेमा कुरा गर्नुहोस् र बाइलका सत्यताहरू एक-आपसमा छलफल गर्नुहोस्। यदि तपाईंले यस्ता कुराहरू इसाई समूहमा रहेर गर्नुहुन्छ भने विवाहपछि पनि यसलाई निरन्तर आफ्नो जीवनमा अभ्यास गर्नुहुनेछ।

- **इसाई समूहजस्तो भएर सँगै काम गर्नुहोस्**

बाइबल अध्ययन समूह, प्रार्थना समूह, बाल-बालिकाहरूलाई सिकाउने काम र जवान सङ्गति जस्ता आत्मिक क्रियाकलापहरूमा भाग लिनुहोस्। त्यसैगरी खेलकुदको समूह, सँगै बसेर खाना खाने अनि समूहमा नै बाहिर कतै घुम्न जानेजस्ता सामाजिक क्रियाकलापहरूमा पनि भाग लिनुहोस्।

ग. सही वैवाहिक जोडी छान्न परमेश्वरको इच्छा पत्ता लगाउने सात सिद्धान्तहरू

विपरीत लिङ्गी मित्रसँग विशेष सम्बन्ध विकास गर्ने निर्णय लिनुभन्दा पहिले तपाईंले आफ्नो जीवनमा केही निकै महत्वपूर्ण निर्णयहरू गर्नुपर्ने हुन्छ। यहाँ दिइएका सात वटा निर्णयहरू बाइबलमा आधारित छन्।

१. सबैभन्दा पहिले तपाईं विवाह गर्न चाहनुहुन्छ अथवा चाहनुहुन्न- निर्णय गर्नुहोस्

विवाह गर्नुको फाइदाहरू र अविवाहित रहनुको फाइदाहरू के-के हुन्?

१ कोरिन्थी ७:१-७,३२-३५ (उपदेशक ४:९-१२; यशैया ५४:१-५; मत्ती १९:१०-१२) पढ्नुहोस्।

टिप्पणी - अविवाहित रहनुको फाइदा भनेको तपाईं अविभाजितरूपमा येशू ख्रीष्टप्रति र संसारमा परमेश्वरको राज्य विस्तार गर्ने कामप्रति पूर्णरूपमा समर्पित हुन सक्नुहुन्छ। शारीरिक सन्तान नहुने मानिसहरूले धेरै आत्मिक सन्तान प्राप्त गर्न सक्छन्!

अविवाहित रहनुको बेफाइदाहरू चाहिँ सम्भावित एक्लोपन, खाँचो परेको समयमा सहयोगी नपाउनु र काम उत्तेजनाले जल्नु आदि हुन्।

सम्भावित प्रयोग - तपाईंले परमेश्वरसँग भएर केही समयसम्म अविवाहित रहने निर्णय गर्न सक्नुहुन्छ, ताकि उक्त समयमा तपाईं आत्मिक र भावनात्मकरूपमा परिपक्वतामा बढ्न सक्नुहुन्छ साथै केही महत्वपूर्ण इसाई तालिमहरू अथवा सेवकाइमा महत्वपूर्ण अनुभव हासिल गर्न सक्नुहुन्छ। पछि परमेश्वरले तपाईंलाई विवाहको निम्ति अगुवाइ गर्नुहुँदा, तपाईं आफ्नो जीवनमा निकै परिपक्व र अनुभवी भइसक्नुभएको हुनेछ। परमेश्वरले आफ्नो राज्यको केही विशेष काम गराउनको निम्ति केही इसाईहरूलाई सम्पूर्ण जीवनभरि अविवाहित रहनको निम्ति बोलावट दिनुहुन्छ।

२. केवल विश्वासीसँग (इसाईसँग) विवाह गर्ने निर्णय गर्नुहोस्

किन इसाईले अर्को इसाईसँग मात्र विवाह गर्नुपर्छ?
२ कोरिन्थी ६:१४ देखि ७:१ सम्म पढ्नुहोस्।
टिप्पणी - इसाईले अर्को इसाईसँग मात्र विवाह गर्नू भनी बाइबलले आज्ञा गर्दछ (१ कोरिन्थी ७:३९; २ कोरिन्थी ६:१४-७:१)। अविश्वासीले विश्वासीलाई येशू ख्रीष्टमा राखेको विश्वासबाट तानेर टाढा लैजान सक्छ (व्यवस्था ७:३-४)। वैवाहिक सम्बन्ध येशू ख्रीष्ट र इसाई मण्डलीबीचको सम्बन्धको दृश्य तस्वीर हुन र त्यसलाई घोषणा गर्न अभिप्रेरित हुनुपर्छ। तसर्थ, हरेक इसाई विवाहमा येशू ख्रीष्ट र इसाई मण्डलीको आदर-इज्जतको लागि जोखिममा परेको हुन्छ (एफिसी ५:२२-२५)।

प्रयोग - कुनै व्यक्तिलाई विवाहको दृष्टिकोणले भेट्ने र कुरागर्न निर्णय गर्नुभन्दा पहिले त्यो व्यक्ति साँचो (नयाँ-जन्म पाएको) इसाई हुनुपर्छ।

३. आफूले राम्रोसँग चिनेको र जानेको व्यक्तिसँग मात्र विवाह गर्ने निर्णय गर्नुहोस्

त्यो व्यक्ति वास्तवमा कस्तो छ भनी व्यवहारिकरूपमा पत्ता लगाउन तपाईं के गर्न सक्नुहुन्छ?
हितोपदेश २७:१९,२३ पढ्नुहोस्।
टिप्पणी - विशेषगरी उक्त व्यक्तिको हृदय र आत्मिक अवस्था थाहा पाउनु तपाईंको लागि महत्वपूर्ण हुन्छ। आफूले राम्रोसँग नजानेको व्यक्तिसँग विवाह गर्ने कुरा कहिले पनि नसोच्नुस्।

सम्भावित प्रयोगहरू - इसाईहरूको समूहमा हुने सङ्गतिहरूमा सहभागी हुनुहोस्। एक-आपसमा कुरा गर्न र आफूसँग भएका कुराहरू बाँड्न सिक्नुहोस्। समूहमा रहेर सँगै काम गर्नुहोस्। त्यसो गर्दाखेरि विशेषगरी यी विशेषताहरूलाई ध्यान दिनुहोस्।
- के उसले (कटा अथवा केटीले) मलाई परमेश्वरसँग (ख्रीष्टसँग) र अरू मानिसहरूसँग सम्बन्ध स्थापित गर्न प्रेरित गर्छ?
- के उसले मेरो जीवनमा राम्रो प्रभाव पारेको छ, जसले मलाई मेरो जीवनमा राम्रोसँग काम गर्न सहायता गर्छ? के उसले मलाई मेरो जीवन आनन्दमय, अर्थपूर्ण र सृजनात्मक बनाउन सहायता गर्छ? के उसले मलाई राम्रोसँग व्यवहार गर्न सहायता गर्छ? के उसले मलाई कहिले पनि पाप कर्ममा तान्दैन? के उसले मलाई येशू ख्रीष्टको मापदण्डतिर माथि उठाउँछ?
- के उसले मेरो कुरा सुन्छ अनि मलाई गम्भीररूपमा स्वीकार गर्छ?
- के म खाँचो परेको बेलामा साँचो सल्लाह र सहायता पाउनको लागि उकहाँ जाँदा ऊ त्यसको निम्ति उपलब्ध हुन सक्छ?
- के म उसलाई आफ्नै सम्झेर उसँग अवस्थाअनुसार हास्न, रुन र गम्भीर कुराकानी गर्न सक्छु?
- के ऊ इमान्दार, निष्ठावान र वफादार छ? के उसले सधैँ मसँग साँचो बोल्छ र नभएको कुराको झूटा बहाना वा नाटक गर्दैन?
- के उसले आफ्नो वा उसको साथीहरूको कुरा मलाई बाँड्न सक्छ? के उसले मलाई अरू साथीहरूसँगको उसको सम्बन्धबाट कहिल्यै अलग गर्दैन? के उसले मलाई अरू मानिसहरूसँगको स्वस्थ सम्बन्धमा डोऱ्याउँछ?

४. आत्म-संयम भएक व्यक्तिसँग मात्र विवाह गर्ने निर्णय गर्नुहोस

पुरुष र महिलाबीचको सम्बन्धमा परमेश्वरले आत्म-संयमको बारेमा के भन्नुहुन्छ?
हिब्रू १३:४ पढ्नुहोस् (पाठ १८ मा भएको बाइबल अध्ययन हेर्नुहोस्) । पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस्।
टिप्पणी - आत्म-संयम भनेको परमेश्वरसँगको असल सम्बन्धको फल हो (गलाती ५:२२-२३)। आत्म-संयम भनेको विपरीत लिङ्गी व्यक्तिसँगको सम्बन्ध र यौन-नैतिकतासँग सम्बन्धित सबै कुराहरूमा नभै नहुने अति आवश्यक चरित्र हो। अहिले तपाईंले आफ्नो जीवनमा जे रोप्नुहुन्छ, पछि गएर जीवनमा त्यसैको कटनी गर्नुहुन्छ (गलाती ६:७-८)!

सम्भावित प्रयोगहरू - हरेक किसिमको यौनजन्य अनैतिक क्रियाकलाप र दुर्व्यवहारलाई अलग गर्नुहोस्। तपाईंले जे हेर्नुहुन्छ, त्यसमा आफ्ना आँखाहरूप्रति आत्म-संयम अपनाउनुहोस्; तपाईंले जे विचार गर्नुहुन्छ, त्यसमा आफ्नो समझप्रति आत्म-संयम अपनाउनुहोस्; तपाईंले छुने कुराहरूप्रति आफ्ना हातहरूमा आत्म-संयम अपनाउनुहोस्। विवाहपूर्व कुनै पनि हालतमा यौनक्रिया नगर्ने अनि वैवाहिक सम्बन्धभन्दा बाहिर यौन सम्बन्ध नराख्ने कुरामा गम्भीर भएर परमेश्वरसँग व्यक्तिगत करार बाँध्नुहोस् (हिब्रू १३:४)। आफ्नो भविष्यको जीवनसाथी पवित्र, आदरयोग्य र कहिले पनि अरू सांसारिक धर्मको जस्तो काम वासनाको अभिलाषा नराख्ने व्यक्ति प्राप्त गर्न परमेश्वरले तपाईंलाई आज्ञा गर्नुहुन्छ (१ थेसलोनिके ४:१-८)। आफ्नो जीवन साथीलाई कहिले पनि कुटपिट गर्ने र चोट पुऱ्याउने नगर्नुहोस्। तपाईंको विपरीत लिङ्गी साथीसँगको सम्बन्धमा स्वस्थ बाइबलीय सीमाहरू निर्माण गर्नुहोस्।

५. जीवनमा समान लक्ष्यहरू भएको व्यक्तिसँग मात्र विवाह गर्ने निर्णय गर्नुहोस्

किन जीवनमा समान खालको उद्देश्यहरू हुनु महत्वपूर्ण छ?
आमोस ३:३ पढ्नुहोस्। पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस्।
टिप्पणी - जीवनमा उस्तै लक्ष्यहरू भएनन् भने तपाईं कहिले पनि उक्त व्यक्तिसँग सँगै रहेर एउटै दिशामा हिँड्न सक्नुहुन्न (आमोस ३:३)। हरेक इसाईको जीवनको लक्ष्यहरू यी दुई कुराहरू हुनुपर्छ भनी येशू ख्रीष्टले सिकाउनुहुन्छ: पहिलो परमेश्वरको राज्य (तपाईं हृदयमा उहाँको राजत्व) र उहाँको धार्मिकता (उहाँले सिकाउनुहुने कुरा ठीक छ भनी पछ्याउनु) खोजी गर्नु, जसको अर्थ परमेश्वरको महिमा खोज्नु हो (रोमी ११:३६) र दोस्रोचाहिँ मन र उद्देश्यको एकतामा रही इसाई विश्वासको लागि एकसाथ रहेर सङ्घर्ष गर्नु हो (फिलिप्पी १:२७; २:२-४)।

सम्भावित प्रयोगहरू - तपाईंको इसाई समूहमा कुन-कुन मानिसहरूसँग तपाईंसँग मिल्ने जीवनको समान लक्ष्यहरू छन् भन्ने कुरामा ध्यान दिनुहोस्। अरू इसाईहरूसँग सोची-सम्झीकन तपाईंको र उनीहरूको जीवनको लक्ष्यहरू र चाहनाहरूको बारेमा कुराकानी गर्नुहोस्। अहिलेदेखि नै तपाईंको जीवनको लक्ष्यहरूको पछाडि लाग्नुहोस्।

६. आफ्नो जीवनको विगतको अँध्यारो पक्षलाई ठीक बनाइसकेको व्यक्तिसँग मात्र विवाह गर्ने निर्णय गर्नुहोस्

किन तपाईंको विगतका अँध्यारो पक्षलाई ठीक पार्ने कुरा अति महत्वपूर्ण छ?
प्रस्थान २०:५-६ मा भएको सिद्धान्त पढ्नुहोस्। २ शमूएल ११:२-४,१५,२७ लाई २ शमूएल १३:१०-१४ सँग तुलना गर्नुहोस्। २ इतिहास २२:२-४ मा प्रदर्शन गरिएको सिद्धान्त पढ्नुहोस्। २ इतिहास २५:२ लाई २६:४ सँग तुलना गर्नुहोस्।

टिप्पणी - प्रस्थान २०:५-६ मा सिकाइएको सिद्धान्त तपाईं र तपाईंको आमा-बुबाबीचमा समाधान नगरिएका समस्याहरूको बारेमा हो, जुन तपाईंको दाजुभाइ, दिदीबहिनी, मित्रहरू, शिक्षकहरू र सहपाठीहरूसँग पनि मेल खानसक्छ। त्यस्ता समस्याहरूको सामना गरी समयमा नै समाधान गरिएन भने पछि गएर त्यो तपाईंको जीवन र वैवाहिक सम्बन्धमा पनि समस्या हनजान्छ!

परिवारमा तपाईंको आमाबुबासँगको गलत सम्बन्धले कसरी पछि गएर तपाईंको पारिवारिक सम्बन्धहरूमा प्रभाव पार्न सक्छ? कुनै पुरुष वा महिलाले आफ्ना आमाबाबुसँग पहिले जसरी व्यवहार गर्थ्यो, पछि गएर तिनीहरूले अरू मानिसहरूसँग पनि त्यसरी नै व्यवहार गर्ने सम्भावना रहन्छ। कुनै मानिसले पहिले आफ्नी आमासँग जसरी व्यवहार गर्थ्यो, त्यसरी नै उसले पछि आफ्नी पत्नीलाई व्यवहार गर्ने सम्भावना रहन्छ। अनि कुनै महिलाले पहिले आफ्नो बुबासँग जसरी व्यवहार गर्थ्यो, त्यसरी नै पछि उसले आफ्नो लोग्नेसँग व्यवहार गर्ने सम्भावना रहन्छ।

कुनै व्यक्तिले आफ्नो विरुद्धमा खराबी गर्ने अर्को व्यक्तिलाई क्षमा दिँदैन भने परमेश्वरले पनि उसलाई क्षमा गर्नुहुन्न (मत्ती ६:१४-१५)। क्षमा नदिने व्यक्ति तीतोपनले भरिन्छ, र उसले आफू वरिपरिका सबै मानिसहरूलाई पनि दुषित (अशुद्ध) पार्दछ (हिब्रू १२:१५)।

पुरानो समस्याको कारण र त्यसको खराब परिणामलाई सामना गरेर राम्रोसँग समाधान गर्नु आवश्यक हुन्छ! तोडिएका सम्बन्धहरू पुनर्थापित गरिनु पर्छ। चोट लागेका भावनाहरू निको पारिनु पर्छ। विगतमा गरिएका अन्धकारपूर्ण पापलाई क्षमा गर्न, तोडिएको हरेक सम्बन्धलाई पुनर्थापित गर्न अनि हरेक चोटलाई निको पार्नको निम्ति परमेश्वरको अनुग्रह प्रशस्त छ। परमेश्वरको अनुग्रहले तपाईंलाई आत्मिकरूपमा वृद्धि हुन र भावनात्मकरूपमा स्वस्थ बनाएर परिपक्व तुल्याउन सहायता गर्नेछ।

७. सही समय आएपछि मात्र विवाह गर्ने निर्णय गर्नुहोस

विवाहको निम्ति सही समयसम्म प्रतिक्षा गर्नु कति महत्वपूर्ण छ?
उपदेशक ३:५; ८:५-६ पढ्नुहोस् (उत्पत्ति २९:२०; १ कोरिन्थी ७:९)।
टिप्पणी - पृथ्वीमा हरेक कुराको समय छ। अँगालो हाल्ने समय छ अनि अँगालोबाट अलग हुने पनि समय छ। बुद्धिमान हृदयले विपरीत लिङ्गी व्यक्तिसँग ठीक समयमा ठीक तरिकाले सम्बन्ध राख्न जान्दछ। परमेश्वरमाथि भरोसा राख्ने व्यक्तिले परमेश्वरले सही कुराहरू सही समयमा हुन दिनुहुनेछ भनेर पनि भरोसा गर्दछ। साँचो प्रेम धिरजी हुने भएकोले विवाहको निम्ति प्रतिक्षा गर्न सक्छ (१ कोरिन्थी १३:४)।

सम्भावित प्रयोगहरू - पहिले तपाईंले आफ्नो पढाइ सकाउनु पर्नेछ। त्यसपछि तपाईंले आफू आर्थिकरूपमा स्वतन्त्र हुने कुरालाई ध्यान दिनुपर्छ। त्यसपछि विवाह गर्नुभन्दा पहिले तपाईंले आफ्नो काम अथवा सेवकाइमा अझ धेरै व्यवहारिक अनुभव हासिल गर्नु राम्रो हुन्छ। केही सँस्कृतिहरूमा विवाहको अनुमति पाउनको लागि दुबै पक्षका आमा-बाबुलाई प्रशस्त समय दिनुपर्ने हुन्छ।

जेजस्तो भए तापनि इसाई केटा र केटीले आफूलाई यौन क्रियाकलापमा नियन्त्रण राख्न धेरै गाह्रो भयो भने विवाह गर्नु नै असल हुन्छ (१ कोरिन्थी ७:९)। तर यो कुरा याद राख्नुहोस्, कि एकपटक गरेको विवाह जीवनभरिको लागि हो (मलाकी २:१४-१६)!

घ. तपाईं प्रेममा पर्नुहुँदा आवश्यक पर्ने व्यवहारिक सुझावहरू

तपाईं कसैसँग प्रेममा पर्दा, पहिले तपाईंको भावनाहरू र वास्तविकतालाई अलग गरेर हेर्नुहोस्। केटीको बाहिरी सुन्दरता अथवा केटाको बाहिरी रूपरङ्गबाट तपाईंको भावनाहरू उत्तेजित भएका हुन्, कि साँच्चै तपाईंलाई उक्त व्यक्तिको व्यक्तित्व र चरित्र मन पर्छ? हतार गरेर बाटो बिराउनु हुँदैन भनी बाइबलले चेताउनी दिन्छ (हितोपदेश १९:२-३) र त्ससको साथै वास्तविकताहरूको खोजतलास गर्न पनि बाइबलले आग्रह गर्दछ (उपदेशक ७:२५-२६)। त्यसकारण विवाहको दृष्टिकोणले कुनै व्यक्तिको नजिक जानुभन्दा पहिले तलका कामहरू गर्नुहोस्।

१. उक्त व्यक्तिको बारेमा परमेश्वरसँग प्रार्थना गर्नुहोस्

यदि तपाईंले मन पराएको व्यक्ति परमेश्वरको इच्छाअनुसारको हो भने उसलाई साँचोरूपमा जान्न र प्रेम गर्नको निम्ति परमेश्वरसँग सहायता माग्नुहोस्। त्यो उहाँको इच्छाअनुसारको होइन भने उप्रतिको तपाईंको भावनाहरू घटाइदिनुहोस् भनी भन्नुहोस्। तपाईंले आफ्नो भावनाहरूभन्दा अरू कुराहरू हेर्न सकेको होस् भनी प्रार्थना गर्नुहोस्।

२. उक्त व्यक्तिलाई जान्न खोज्नुहोस्

आफूले मन पराएको व्यक्तिलाई आफ्नो भावना प्रकट नगरीकन विभिन्न समूहको क्रियाकलापहरू र परिस्थितिहरूमा सहभागी हुनुहोस्। त्यतिबेला उक्त व्यक्तिलाई अवलोकन गर्नुहोस् र सुन्नुहोस्। उक्त व्यक्तिको परमेश्वरसँग (ख्रीष्टसँग), अरू मानिसहरूसँग र आफैसँग कस्तो सम्धन्ध छ भनी पत्ता लगाउनुहोस्। उसको व्यक्तित्व, चरित्र, कमजोर पक्षहरू र तपाईं अनि अरूहरूमाथि उसको प्रभाव कस्तो छ भनी पत्ता लगाउनुहोस्। उसँगको सम्बन्धमा बढ्दै गएपछि मात्र उसको राम्रो प्रभाव तपाईंले जान्न सक्नुहुन्छ। उदाहरण: जब तिनले उसलाई बदला लिनबाट रोकिन् (१ शमूएल २५:३२-३४); अथवा उसले तिनलाई इसाई चरित्रमा प्रफुल्ल बनाउँछ (एफिसी ५:२६-२७)।

३. उक्त व्यक्तिको बारेमा सल्लाह माग्नुहोस्

सल्लाह लिनको निम्ति यस्तो परिपक्व व्यक्ति छान्नुहोस्, जसको ख्रीष्टसँग घनिष्ठ सम्बन्ध छ र उसले तपाईंहरू दुबै जनालाई राम्रोसँग चिनेको छ (हितोपदेश १९:२०-२१)। उक्त व्यक्तिबाट यस्ता तथ्यहरू प्राप्त गर्नुहोस् ताकि तपाईंको भावनाहरू वास्तविकता आधारित हो कि होइन छुट्ट्याउन सकियोस्।

४. अविश्वासी व्यक्तिसँग कहिल्यै घुम्न नजानुहोस्

केही कारणवश तपाईं अविश्वासी व्यक्तिसँग प्रेममा पर्नुभयो भने एक्लै उसँग बाहिर घुम्न नजानुहोस् र सबै परिस्थितिहरूमा तपाईंले उसँग दूरी कायम राख्नुहोस्। उक्त व्यक्तिलाई इसाई कार्यक्रमहरूमा निमन्त्रणा गर्नुहोस्, आफ्नो इसाई साथीहरूसँग परिचय गराउनुहोस् र उसलाई ख्रीष्टमा जित्ने कोसिस गर्नुहोस्। आफूले व्यक्तिगतरूपमा चासो राखेको त्यस्तो अविश्वासी व्यक्तिसँग सधैँ समूहमा भेटघाट गर्नु हरेक दृष्टिकोणले असल हुन्छ।

ङ. वैवाहको निम्ति सम्बन्ध विकास गर्ने व्यवहारिक समयहरू

छलफल गर्नुहोस् - विवाहको दृष्टिकोणमा विपरीत लिङ्गी व्यक्तिलाई जान्न र नजिकहुनको निम्ति असल मार्गदर्शक के हुन सक्छ?

टिप्पणी - सम्बन्ध विकास गर्नको लागि व्यवहारिक सुझाव र मार्गदर्शन यी तीन व्यवहारिक तहहरूमा हेर्नुपर्छ: चिनजान गर्ने समय, प्रणय-याचना गर्ने समय र मगनी गर्ने समय। यी प्रत्येक समयको स्पष्ट सुरुवात र स्पष्ट अन्त हुन्छ, र त्यसको लक्ष्यमा पुग्नको निम्ति स्पष्ट लक्ष्य र स्पष्ट व्यवहारिक तहहरू हुन्छन्।

१. चिनजानको सम्बन्ध अथवा अवधि

चिनजानको सम्बन्धको अर्थ
'चिनजान' भनेको घनिष्ठ नभईकन एक-अर्कासँग गरिने साधारण सम्बन्ध हो।

चिनजान गर्नुको अन्तिम लक्ष्य
तपाईंले उक्त सम्बन्धलाई निरन्तरता दिन चाहनुहुन्छ कि चाहनुहुन्न भनी निर्णय गर्न पर्याप्त वास्तविक तथ्यहरू जम्मा गर्नु यसको लक्ष्य हो।

चिनजानको लागि गरिने पहुँच
जब तपाईं कुनै व्यक्तिप्रति साँचोरूपमा चासो राख्नुहुन्छ अथवा जब तपाईं कसैसँग प्रेममा पर्नुहुन्छ, तब तपाईंले यी कुराहरू गर्न सक्नुहुन्छ:

- तपाईंले आफ्नो प्रेमको भावनाहरू र साँचो इसाई प्रेमको भिन्नतालाई छुट्ट्याउनुहोस्।
- तपाईं र अर्को व्यक्तिलाई चिन्ने व्यक्तिसँग उचित सल्लाह माग्नुहोस्।
- केटा अथवा केटी एक-अर्कासँग चिनजान गर्न राजी-खुसी छ कि छैन भनी सोध्नुहोस् (केही सँस्कृतिहरूमा केटीले त्यसप्रकारको मित्रतामा चासो कहिले पनि देखाउँदिनन्)।
- यदि उनीहरू त्यसमा मञ्जुर भएमा भेटघाटको निम्ति एउटा निश्चित समय र सार्वजनिक स्थान मिलानुहोस्; जस्तै: एक-आपसमा चिनजान र परिचय गर्नको निम्त कुनै रेस्टुरेण्टमा हप्ताको एकपटक छ महिनासम्म नियमित भेट्ने वातावरण मिलाउनुहोस्।

चिनजान र परिचय गर्ने अवधिमा गर्नुपर्ने व्यवहारिक क्रियाकलापहरू

- एकले अर्कोलाई सकेसम्म राम्रोसँग जान्ने कोसिस गर्नुहोस्। एकले अर्कोको बारेमा परमेश्वरसँगको सम्बन्ध, उसको इसाई दृढ विश्वासहरू, उसको इच्छा-आकंक्षाहरू र विशिष्टपन वा अनौठोपन आदि।
- उक्त अवधिमा आत्म-संयमको सम्बन्धमा ध्यान दिनुपर्ने केही व्यवहारिक पक्षहरू यी हुन्:

शारीरिक सम्पर्क (स्पर्श) नगर्नुहोस् - केटा-केटीले एकआपसमा शारिरिक स्पर्श (सम्बन्ध) गर्नुहुँदैन किनभने त्यस्तो क्रियाकलापले उनीहरूलाई आफ्ना भावनाहरूको कैदी बनाउँछ। तपाईंले आफ्नो दृढ विश्वासलाई विकास गर्न र असल निर्णयहरू गर्न स्वतन्त्र हुन चाहनुहुन्छ!

बाँध्ने किसिमको सम्बन्ध नबनाउनुहोस् - आधिकारिक अथवा बाँध्ने सम्बन्ध नबनाउनुहोस्। उक्त अवधिमा तपाईंहरू केवल मित्रहरू हुनुहुन्छ, त्योभन्दा बढी केही होइन। त्यतिबेला एकले अर्कोबाट केही अपेक्षाहरू नराख्नु नै असल हुनेछ। 'मित्रता'मा रहेर आफ्नो सम्बन्धको बारेमा कुरा गर्नुहोस् तर स्नेह पाउने याचना गरेर होइन। यसो गर्नाले तपाईंको अरू मित्रहरूले गर्न सक्ने सामाजिक दबाबलाई कम गर्न सहायता पुग्नेछ।

भावनाहरूलाई व्यक्त नगर्नुहोस् - उक्त अवधिमा एकले अर्कोको बारेमा स्वप्न-चित्रहरू नबनाउनु नै राम्रो हुन्छ; त्यसैगरी तपाईंहरूले कुनै पनि हालतमा आफ्नो भावनाहरूको बारेमा कुरा नगर्नुहोस् र त्यसलाई व्यक्त पनि गर्नुहोस्। दुबै जना त्यो चरणको लागि तयार नभएसम्म प्रतिक्षा गर्नुहोस्। यदि तपाईंले चाँडै नै आफ्ना भावनाहरूको बारेमा कुरा गर्न र त्यसलाई व्यक्त गर्न सुरु गर्नुभयो भने, त्यसले साँचो आत्मिक सम्बन्ध विकास गर्न वाधा दिने खालका अवास्तविक अपेक्षाहरू मात्र उत्पन्न गर्दछ र पछि गएर त्यसले अर्को व्यक्तिलाई चोट पुग्नेछ।

विवाहको बारेमा कुरा नगर्नुहोस् - उक्त मित्रताको अवधिमा विवाहको बारेमा कुरा नगर्नु नै राम्रो हुन्छ अथवा विवाहको बारेमा आफ्नो व्यक्तिगत योजनाहरू पनि उक्त साथीलाई नबताउनुहोस् किनभने यस्ता कुराहरूले पनि अवास्तविक अपेक्षाहरू उत्पन्न गर्दछ। त्यतिबेला तपाईंहरू असल मित्रहरू हुनुहुन्छ, त्योभन्दा बढी केही होइन।

चिनजान र परिचयात्मक सम्बन्धको समाप्ति

जब तपाईंहरू दुबै अथवा एक जनालाई यो सम्बन्ध रोक्नुपर्छ भन्ने महसुस अथवा विश्वास हुनथाल्छ, तब त्यो अवधिको अन्त हुन्छ। तर यदि तपाईंहरू दुबै जनाले उक्त सम्बन्धलाई विशेष मित्रतामा परिवर्तन गर्नुपर्छ भन्ने विश्वास गर्नुहुन्छ भने तपाईंहरू दुबैको निर्णयअनुसार त्यसलाई प्रणय-याचना (प्रेम-प्रस्ताव) गर्ने सम्बन्ध सुरु गर्न सक्नुहुन्छ।

२. प्रणय-याचनाको सम्बन्ध अथवा अवधी

प्रणय-याचना सम्बन्धको अर्थ

'प्रणय-याचना' भनेको एकले अर्कोको सम्मान र स्नेह जितेर बलियो मित्रता निर्माण गर्नु हो, ताकि त्यो विवाहमा परिवर्तन गर्न सम्भव हुन सकोस्।

प्रणय-याचनाको अन्तिम लक्ष्य

तपाईंहरूको विवाह गर्न परमेश्वरको इच्छा छ भनेर पत्ता लगाउनु (एफिसी ५:१७)। विवाहद्वारा जीवनभरिकोको सम्बन्धमा बाँधिने पर्याप्त आधार पत्ता लगाउनु।

प्रणय-याचनाको निवेदन

प्रेम प्रस्ताव राखेर तपाईंहरू विशेष किसिमको मित्रतामा बाँधिनुभएको छ भन्ने कुरा एक-आपसमा स्पष्ट सञ्चार गर्नुहोस् र त्यो कुरा अरूहरूलाई पनि बताउनुहोस्। प्रणय-याचनाको सम्बन्धलाई खुल्लारूपमा विकास गर्नुहोस् तर त्यो काम निश्चित इसाई मान्यताअनुसारको सीमाभित्र रहेर गर्नुहोस्।

प्रणय-याचनाको अवधिमा हुने व्यवहारिक क्रियाकलापहरू

- आफ्नो प्रणय-याचनाको सम्बन्धमा दुबै जना मिलेर निश्चित अनि स्पष्ट सीमाहरू कोर्नुहोस्। ती सीमाहरू बाइबलको शिक्षाहरूमा आधारित हुनुपर्छ। विशेषगरी तलका क्षेत्रहरूमा सीमाहरू निर्धारण गर्नु बुद्धिमानी हुन्छ:

समय - तपाईंहरू कहिले, कुन समय अनि कति लामो समयसम्म भेट्ने? भेटेको दिनमा साँझ कति बजे छुट्टिएर घर जाने?
स्थान - तपाईंहरू कुन ठाउँमा भेट्ने? त्यसरी भेट्ने क्रममा कुन-कुन ठाउँमा जानुहुन्न भनी तपाईंहरूले निर्णय गर्नुभएको छ?
शारीरिक स्पर्श - कस्तो किसिमको शारीरिक स्पर्श परमेश्वरको नजरमा स्वीकारयोग्य हुन्छ? तपाईंको सँस्कृतिले कस्तो किसिमको शारीरिक सम्पर्कलाई स्वीकार गर्छ? के तपाईंहरूले गर्नुहुने शारीरिक स्पर्शले एक-अर्काको निर्माण गर्छ? कस्तो किसिमको शारीरिक सम्पर्कलाई तपाईंहरूले इन्कार गर्नु पर्नेछ? यी सबै कुराहरूमा दुबै जना स्पष्टरूपमा मञ्जुर हुनुहोस्।
क्रियाकलापहरू - तपाईंहरू सँगै हुँदा के-कस्ता कुराहरू गर्नुहुन्छ? त्यसरी भेट्दा के-के कुराहरू नगर्ने निर्णय गर्नुभएको छ?

- परमेश्वरको उपस्थितिमा एकले अर्कलाई यो प्रतिज्ञा गर्नुहोस् (तपाईंहरूको साक्षी परमेश्वर हुनुहुन्छ) - आफूले तोकेको मापदण्ड र सीमाहरूलाई कहिल्यै तल नझार्नुहोस् अनि उक्त मापदण्डहरू कायम राख्नको निम्ति सधैँ एकले अर्कोलाई उत्साह दिनुहोस् (१ थेसलोनिके ४:३-८)।
- आत्मिकरूपमा वृद्धि हुनको निम्ति एकले अर्कोलाई उत्तेजति पार्नुहोस्। एकले अर्कोलाई निर्माण गर्दैजानुहोस्। सँगै मिलेर सेवा गर्नुहोस्। तपाईंहरू सँगै मिलेर अरू पुरुषहरू र महिलाहरूसँग नयाँ मित्रता गाँस्नुहोस्।

- तपाईंहरू दुबै जना तयार भएपछि विवाह गर्ने विषयमा छलफल गर्नुहोस्। होइन भने पछि तनाव हुन सक्ने कुराहरू अपेक्षा गर्नुहोस् र पछि पूरा गर्न नसकिने प्रतिज्ञाहरू बनाउनुहुनेछ भनी याद गर्नुहोस्।

प्रणय-याचना सम्बन्धको समाप्ति

तपाईंहरूमध्ये एक वा दुबैजनालाई यो सम्बन्ध रोक्नुपर्छ भन्ने लाग्यो भने यो प्रणय-याचनाको समय अवधि अन्त हुन्छ। त्यसपछि तपाईंहरू एक-आपसमा त्यसरी नभेट्ने अथवा पहिलेकै सामान्य मित्रतामा फर्किने भनी निर्णय गर्नुहोस्। यो अवस्था पीडादायक हुनसक्छ तर विवाहपछिको पारपाचुकेजस्तो अति नै पीडादायी भने हुँदैन। तैपनि, यदि तपाईंहरू दुवैजनालाई यो सम्बन्धलाई परमेश्वरले विवाहमा बदल्न चाहनुहुन्छ भन्ने लाग्यो भने विवाह गर्न सक्नुहुन्छ। तपाईंहरूले मगनी गर्न सक्नुहुन्छ। तपाईंहरू मगनी गर्नु भए पनि नगर्नु भए पनि विवाहको लागि तयारीचाहिँ गर्नुपर्ने हुन्छ र पवित्र विवाहको दिनको लागि प्रार्थनासाथ आफूलाई तयार पार्नुहोस्।

३. मगनीको सम्बन्ध अथवा अवधि

मगनी वा वचनवद्ध सम्बन्धको अर्थ

मगनी भनेको तपाईंहरू एक-आपसमा विवाह गर्न चाहेको कुराको अभिव्यक्ति हो र विवाहको दिनको लागि तयारीमा जुट्नु हो। मगनीको अर्को अर्थ अब विवाहको सम्बन्धमा तपाईं अरू व्यक्तिहरूको निम्ति उपलब्ध नहुनु हो।

मगनी गर्नुको अन्तिम लक्ष्य

आउनेवाला तपाईंको विवाहको लागि तयार हुनु

मगनीमा गर्ने निवेदन

- जीवनभरिको लागि एकले अर्कोसँग विवाह गर्ने गम्भीर प्रतिज्ञा गर्नुहोस्।
- पवित्र विवाहको लागि दिन तोक्नु राम्रो हुन्छ र विवाहको निम्ति असल योजनासाथ तयारी गर्नुहोस्।
- मगनीमा तपाईंले आफ्ना परिवार, नातेदारहरू र मित्रहरूलाई निमन्त्रणा गर्नुभयो भने त्यो कार्यक्रम आशिषमय हुनेछ र पाहुनाहरूले पनि आदरसाथ त्यस उत्सवलाई तपाईंसँगै मनाउनेछन्।
- त्यसपछि तपाईंले विवाहको तयारीहरू तुरुन्तै सुरु गर्नुहोस् र मगनीको समयलाई सीमित बनाउनुहोस्। त्यसो गर्नाले तपाईंला परीक्षामा पर्नबाट बचाउँछ।

मगनीको अवधिमा गरिने व्यवहारिक क्रियाकलापहरू

- सँगै रहेर जिउने अनि काम गर्ने विषयमा तपाईंको इच्छा-आकंक्षाहरूबारे एक-आपसमा छलफल गर्नुहोस्। तपाईंको उक्त सम्बन्धमा महत्वपूर्ण हरेक क्षेत्रको बारेमा आफ्ना विचारहरू खुल्लारूपमा छलफल गर्नुहोस्; जस्तै: तपाईंको भविष्यको घर अनि जीवनशैली, तपाईंले भविष्यमा सङ्गति गर्ने मण्डली र परमेश्वरको सेवा, तपाईंको आमा-बुबा र सासू-ससुरासँगको सम्बन्ध, तपाईंको काम र पेशा, तपाईंको आर्थिक अवस्था, यौन क्रियाकलाप र बच्चाहरू जन्माउने सल्लाह आदि। तपाईंहरूले एक-आपसमा कुनै कुरा नलुकाउनुहोस्। विगतमा कुनै नराम्रो अनुभव छ भने त्यसबारे इमान्दार हुनुहोस् र आवश्यक छ भने त्यसलाई एक-आपसमा स्वीकार गरेर पश्चाताप गर्नुहोस् र एकले अर्कोलाई क्षमा दिनुहोस् (याकूब ५:१६)।
- विवाह नभएसम्म पहिले मञ्जुर गरिएका शारीरिक सीमाहरूलाई कायमै राख्नुहोस्। विवाहको दिनसम्म आफूलाई शुद्ध राख्न यो अवधिमा तपाईंलाई अझ धेरै आत्म-संयम र समर्पणताको खाँचो पर्नेछ।
- विवाहको तयारीको योजनाहरू बनाउँदा तपाईंको आमा-बुबा र मण्डलीका अगुवाहरूलाई सहभागी गराउनु राम्रो हुनेछ।

मगनीको सम्बन्धको समाप्ति

यदि तपाईंहरूमध्ये एक वा दुबै जनालाई यो मगनीको सम्बन्ध तोड्नुपर्छजस्तो लाग्छ भने यसको अन्त हुन्छ। यद्यपि यो पीडादायक भए तापनि विवाहपछि पारपाचुके गर्नुभन्दा यो राम्रै हो। तैपनि, तपाईं आफ्नो मगनीमा पूर्णरूपमा विश्वस्त हुनुहुन्छ र यो सम्बन्धलाई विवाहमा परिणत गर्न चाहनुहुन्छ भने आशिषमय ढङ्गमा पवित्र विवाह गर्नुहोस् र सबैको निम्ति असल विवाह भोज र समारोहको आयोजना गर्नुहोस्! परमेश्वरले तपाईंलाई आशिष् दिनुभएको होस्।।

५	**प्रार्थना** (८ मिनेट) **प्रतिक्रियाहरू** **परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउने प्रार्थना**

समूहमा पालैपालो गरी तपाईंले आज के सिक्नुभएको छ, त्यसबारे प्रतिक्रियात्मकरूपमा परमेश्वरसँग छोटो प्रार्थना गर्नुहोस्। अथवा दुई वा तीन जनाको समूहमा विभाजन भएर तपाईंले आज के सिक्नुभएको छ, सोबारे परमेश्वरसँग प्रतिक्रियात्मक प्रार्थना गर्नुहोस्।

६	**गृहकार्यको निम्ति तयारी** (२ मिनेट) **अर्को पाठको निम्ति**

(**समूहको अगुवा** - तपाईंका समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेख्न लगाउनुहोस् वा उनीहरूलाई यसको प्रतिलिपि बनाउन लगाउनुहोस्।)

६. **प्रतिवद्धता -** चेलाहरू बनाउन प्रतिवद्धता जनाउनुहोस्। 'इसाई आत्म-सम्मान'को बारेमा अर्को व्यक्तिलाई अथवा मानसिहरूको समूहमा प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा अध्ययन गर्नुहोस्।

७. **परमेश्वरसँगको व्यक्तिगत समय -** प्रत्येक दिन एक अध्याय पढेर परमेश्वरसँग व्यक्तिगत समय बिताउन लगाउनुहोस् (प्रेरित ११:१९-१४:२८)। पढेको खण्डबाट आफूलाई मनपर्ने सत्यता पत्ता लगाउने तरिका प्रयोग गर्न लगाउनुहोस्। टिप्पणीहरू बनाउनुहोस्।

८. **बाइबल अध्ययन -** घरमा अर्को बाइबल अध्ययन तयार पार्नुहोस्। १ थेसलोनिके ४:१-८ (विषय : विपरीत लिङ्गी व्यक्तिहरूप्रतिको सम्बन्धमा इसाई विशेषताहरू के-के हुन्?) बाइबल अध्ययनको पाँच वटा चरणहरूको प्रयोग गर्न लगाउनुहोस्। टिप्पणीहरू बनाउनुहोस्।

९. **प्रार्थना -** कुनै विशेष व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता निर्दिष्ट भएर प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्दैहुनुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।

१०. **चेलाहरू बनाउने विषयमा तपाईंको कापीलाई अद्यावधिक बनाउनुहोस्।** आराधनाको टिप्पणी, परमेश्वरसँग तपाईंले व्यक्तिगत समय बिताउँदा बनाएको टिप्पणी, शिक्षा दिँदा बनाएको टिप्पणी र यो तयारीलाई सङ्लग्न गर्नुहोस।